# कित्तानापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गर्ने कार्यविधि, २०७६

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल

# कित्तानापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गर्ने कार्यविधि, २०७६

(पहिलो संशोधन २०७८ र दोश्रो संशोधन २०८०)

**प्रस्तावना** : जग्गाधनी प्रमाण पुर्जा एवम् कित्तानापी नक्सामा व्यक्तिका नाममा रहेका तर सार्वजनिक रुपमा बाटो प्रयोगमा रहेका जग्गाहरुको लगत कट्टा गरी कित्तानापी नक्साबाट यथार्थ सूचना प्राप्त गर्न तथा पूर्वाधार विकास कार्यलाई सहजीकरण गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "कित्तानापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गर्ने कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तत्काल लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(१) "कित्तानापी नक्सा" भन्नाले कित्ताको स्वामित्व यकिन गर्ने प्रयोजनका लागि जग्गाको नाप जाँच गरी बनाईएको नक्सालाई सम्झनुपर्छ।

(२) "जग्गा" भन्नाले घर, बाग-बगैचा, रुख, कारखाना, ताल, पोखरी, नदि, कुलो लगायत भएका सबै किसिमको जग्गा सम्झनुपर्छ।

(३) "नापी कार्यालय" भन्नाले जग्गाको नक्सा, श्रेस्ता अध्यावधिक गर्ने वा नापजाँच गर्ने कार्यालय वा अन्य यस्तै प्रकृतिको कार्यका लागि स्थापित कार्यालय सम्झनुपर्छ ।

(४) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई सम्झनुपर्छ ।

(५) "मालपोत कार्यालय" भन्नाले मालपोत ऐन , २०३४ को दफा ३ बमोजिम स्थापना भएका कार्यालयलाई सम्झनुपर्छ ।

(६) "सार्वजनिक बाटो" भन्नाले सार्वजनिक रुपमा प्रयोग गर्न पाउने प्रचलनमा रहेको आवतजावत, हिँडडुल गर्ने प्रयोजन भएको बाटो सम्झनु पर्छ साथै यस शब्दले परापूर्वकालदेखी प्रचलनमा रहेको आवतजावत, हिडडुल गर्ने बाटो समेतलाई सम्झनुपर्छ ।

(७) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिकालाई सम्झनुपर्छ ।

(८) *"नियन्त्रण विन्दु (Control Point)" भन्नाले जग्गा नापजाँच कार्यको लागी एकरुपता ल्याउन प्रयोग गरिने कोअर्डिनेट अंकित विन्दु लाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## कार्यक्रमको उद्देश्य

३. **कार्यक्रम संचालनको उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(१) सार्वजनिक रुपमा प्रयोग भएका बाटोको लगत तयार गर्ने,

(२) सार्वजनिक रुपमा प्रयोग भएका जग्गा व्यक्तिका नाममा दर्ता कायम रहेकामा, त्यस्ता जग्गा नेपाल सरकार बाटो प्रयोजनको रुपमा कायम गर्ने ।

(३) कित्तानापी नक्साबाट जमिनमा रहेको बाटो स्पष्ट बुझ्नसक्ने बनाउन तथा पूर्वाधार विकास तथा निर्माण कार्यलाई सहयोग गर्ने ।

## परिच्छेद ३
## कार्यक्रम कार्यान्वयन प्रक्रिया

४. **कार्यविधि** : मन्त्रालयले वा स्थानीय तहले नापी कार्यालय र मालपोत कार्यालय सँगको समन्वयमा देहाय बमोजिम कार्यविधि अवलम्बन गरी कार्य संचालन गर्नुपर्नेछ ।

(१) आवश्यक कित्तानापी नक्सा एव सो को डिजीटल डाटा नापी कार्यालयबाट संकलन गर्नुपर्नेछ।   कन्ट्रोल पोईन्ट तथा डिजिटल डाटा नापी विभागबाट नियमानुशारको शुल्क तिरी प्राप्त गर्न सकिनेछ ।

(२) मन्त्रालय वा स्थानिय तहले सेवा करारमा कर्मचारी लिई वा परामर्श सेवा खरिद गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) कित्तानापी नक्सामा सार्बजनिक बाटो अध्यावधिक गर्न (#............) खटिने प्राबिधिक कर्मचारीको टोलीले फिल्डमा गइ कित्तानापी नक्सामा रेखांकन गरी अनुसूची १ को ढाँचामा जग्गाको लगत तयार गर्नुपर्नेछ ।

(४) स्थानीय तहले नापी कार्यालयबाट प्राप्त लगत अनुसार मालपोत कार्यालयमा कित्ताकाटका लागि लेखी पठाउनुपर्नेछ ।

(५) दफा ४(४) अनुसार लेखी आएको विवरण मालपोत कार्यालयले प्रक्रिया पुरा गरी कित्ताकाटको लागि नापी कार्यालयमा लेखी पठाउनुपर्नेछ ।

(६) मालपोत कार्यालयबाट कित्ताकाटको लागि लेखी आएको बिवरण अनुसार नापी कार्यालयबाट कित्ताकाट गरी अनुसूची २ को ढाँचामा मालपोत कार्यालयलाई पठाइदिनु पर्नेछ । नापी कार्यालयबाट प्राप्त कित्ताकाट विवरण मालपोत कार्यालयले अध्यावधिक गरी सोको जानकारी सम्वन्धित नापी कार्यालय र मन्त्रालयलाई पठाउनुपर्नेछ।

(७) कित्तानापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गर्न सहज बनाउन कम्तिमा ५ वटा कन्ट्रोल पोइन्ट स्थापना गर्नुपर्नेछ ।

*(८) कित्ता नापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गर्ने फिल्ड कार्यको लागि खटिने कर्मचारीले मिजरिङ्ग टेप वा टोटल स्टेशन वा डि.जि.पि.एस.का साथै आवश्यकता अनुसार ड्रोन सर्भे समेत गरी ईमेज भेरीफिकेसन गरी अनुसूचि १ को ढाँचामा लगत तयार गर्नुपर्नेछ ।

५. **जनशक्ति** : (१) कित्तानापी नक्सामा सार्वजनिक बाटो लगत कट्टा गर्न टोली खटाईनेछ । उक्त टोलीमा देहाय अनुशार कर्मचारी रहनेछ ।

(क) नापी अधिकृत - १

(ख) मालपोत अधिकृत - १

(ग) सर्भेक्षक / सहायक सर्भेक्षक - २

(घ) ना.सु./ खरिदार - २

(ङ) कार्यालय सहयोगी / नापी कामदार — ४

*(च) सम्वन्धित स्थानीय तहको नापी प्राविधिक-१

(२) आवश्यक कन्ट्रोल पोइन्ट स्थापना गर्न टोलीमा देहाय बमोजिम कर्मचारी रहनेछन् :

(क) नापी अधिकृत - १

(ख) कम्प्युटर अधिकृत - १

(ग) सर्भेक्षक - २

(घ) कार्यालय सहयोगी / नापी कामदार - ४

(३) कर्मचारी बाहेक नापी कामदार राखी काम गराउनु पर्ने भएमा नापी अधिकृतले डोर हाजिर प्रमाणित गराई सम्बन्धित जिल्ला दररेट अनुसार सुबिधा उपलब्ध गराईने छ ।

*(४) उपदफा (१) बमोजिमको टोली गण्डकी प्रदेश भित्रको कुनै एक जिल्ला वा सबै जिल्ला वा निश्चित स्थानीय तह छनौट गरी आवश्यकता अनुसार थप टोली समेत खटाई काम गर्न सकिनेछ ।

*(५) यस कार्यको अनुगमन/निरिक्षण गर्न मन्त्रालयका भूमि व्यवस्था तथा भूमिश्रोत नक्साङ्कन महाशाखा प्रमुख वा उक्त महाशाखामा कार्यरत अन्य प्राविधिक कर्मचारी, सम्वन्धित मालपोत प्रमुख, नापी कार्यालयका प्रमुखको एक अनुगमन टोली बनाई निरन्तर फिल्ड अनुगमन गर्न सकिनेछ । साथै फिल्ड निरीक्षण गर्ने कार्यमा मन्त्रालयले आवश्यकता अनुसार कर्मचारी खटाउन सक्नेछ ।

**६. सेवा सुविधा** :

(१) कर्मचारीले पाउने दैनिक भ्रमण भत्ता बैठक भत्ता, सवारी साधन, यन्त्र उपकरणका साथै अन्य बन्दोवस्तीको सुबिधाको व्यवस्था कार्यक्रम संचालन गर्ने कार्यालयले मिलाउनु पर्नेछ। कार्यलय समयमा मालपोत तथा नापी कार्यालयका कर्मचारीले श्रेस्ता अध्यावधिक गर्न नसक्ने अवस्थामा विहान, बेलुका वा सार्वजनिक बिदाको दिन प्रयोग गरी कार्य गरेमा नियमानुसार खाना/खाजा भत्ता उपलब्ध गराईनेछ।

(२) परामर्श सेवा खरिद गरी कार्यक्रम संचालन गर्नु पर्ने भएमा १ कि.मी बाटो लगत कट्टा गर्न बढिमा रु२०,०००।- भन्दा बढी खर्च नहुने गरी कार्य सम्पन्न भएपछि उपलब्ध गराउनपर्नेछ।

**७. संशोधनः** यस कार्यविधिलाई मन्त्रालयले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ।

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

## अनुसुची १

(दफा ५ (छ) सँग सम्बन्धित)

### बाटोमा जाने जग्गाको विवरण

| सि.नं. | गा.बि.स./ न.पा. | वडा नं | सिट नं. | कित्ता नं. | क्षे.फ. | जग्गा धनीको नाम | बाटोमा जाने क्षे.फ. | तर्फ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

गण्डकी प्रदेश सरकार
तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

अनुसूची २

(दफा ५ (छ) सँग सम्बन्धित)

कित्ताकाट विवरण

| सि.नं. | गा.बि.स./ न.पा. | वडा नं | सिट नं. | कित्ता नं. | क्षे.फ. | हाल कायम कित्ता नं | क्षे. फ | जग्गा धनीको नाम | तर्फ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |